bhanjyangnews.com
वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
भञ्ज्याङ
राष्ट्रिय दैनिक
BHANJYANG NATIONAL DAILY



दिप इन्टरप्राइजेज
आँबुखैरेनी–३, तनहुँ । बजाज शो–रूम, उचित भवन
सम्पर्क : ०६५–५४०५७६, ५४०४८२

वर्ष ४० अंक १५१ | २०७८ असोज १६ गते शनिबार, नेपाल सम्वत् ११४१ October 02, 2021 | पृष्ठ ४ | मूल्य : रू. ५/-

# तनहुँका पालिकाहरूमा तामझामका साथ शिलान्यास गरिएका आधारभुत अस्पतालले गति लिएनन्

भञ्ज्याङ समाचारदाता/दमौली

सरकारले देशभरका पालिकाहरूमा आधारभुत अस्पताल निर्माण गर्ने नीति लिएअनुसार तनहुँका पालिकाहरूमा पनि धमाधम अस्पताल निर्माण कार्य अगाडि बढाइएको थियो । अस्पताल निर्माणका लागि सरकारले पहिलो चरणमा बजेट समेत निकासा गरी अस्पतालको शिलान्यास र ठेक्का प्रक्रिया समेत अगाडि बढाइएको थियो । दुइबर्ष भित्र अस्पताल संचालनमा ल्याउने गरी टेन्डर आव्हान गर्न सरकारले पालिकाहरूलाई निर्देशन दिएको भएपनि एक वर्ष बितिसक्दा पनि तनहुँका अधिकांश पालिकामा कही जग्गा सम्याउँदै, कतै जग्गाको नै व्यवस्थापन हुन सकेको छैन । गत वर्ष १५ मंसिर महिनामा शुक्लागण्डकी–११ राईपुर बिसौनामा उल्लासपूर्ण वातावरणमा अस्पतालको शिलान्यास गरिएको थियो । गाउँमा १५ शैय्याको नगरस्तरीय अस्पताल शिलान्यास गरिएसंगै स्थानीयमा हर्ष छाएको थियो।

गण्डकी प्रदेशसभा सदस्य आशा कोइरालाले तामझामका बीच अस्पतालको शिलान्यास गरेकी थिइन् । सबै नगरवासीलाई पायक नपर्ने ठाउँमा एक्लौटी ढंगले अस्पताल शिलान्यास भएको भन्दै नगरपालिकाका जनप्रतिनिधि र कर्मचारी कोही कार्यक्रममा सहभागी भएनन् । वडाका जनप्रतिनिधि र कर्मचारी भने सहभागी भएको थिए।

स्थानीयको निरन्तर दबाब, लामो समयको छलफलपछि शिलान्यास भएकै ठाउँमा १५ शैय्याको अस्पताल बनाउन २६




जेठमा बसेको शुक्लागण्डकीको नगर कार्यपालिका बैठकले निर्णय गरेको छ । तर शिलान्यास भएको उक्त अस्पताल खाल्डोमै सिमित बनेको छ। 'अस्पताल शिलान्यासको खाल्डो मात्र छ । खाल्डोमा पनि घाँसपात उम्रेर भरिएको छ । काम सुरू होला भनेर जग्गामा खेती लगाइएको छैन । अब विस्तारै काम होला', निर्माण उपभोक्ता समितिका सचिव जीवन पोखरेलले बताए । अस्पताल निर्माणका लागि टेन्डर आह्वान गर्नै बाँकी रहेको नगर उपप्रमुख सविता रसाइलीले बताइन । संघीय सरकारले बजेट पठाएपछि टेन्डर आह्वान हुने उनको भनाई छ ।

'डीपीआर बनाएका छौं । माथिबाट बजेट आएपछि काम सुरू हुन्छ', उनले बताइन् । गत वर्ष संघबाट आएको एक करोड रूपैयाँमध्ये डीपीआर निर्माणमा १२ लाख रूपैयाँ मात्र खर्च भएको नगरपालिकाले जनाएको छ ।

शुक्लागण्डकीसँगै सोही दिन भिमाद नगरपालिका, ऋषिङ गाउँपालिका, म्याग्दे र देवघाट गाउँपालिकाले पनि अस्पताल शिलान्यास गरेका थिए । पालिकास्तरीय अस्पतालको काम कुनै पनि स्थानीय तहमा सन्तोषजनक भएको छैन । शिलान्यासको १० महिने अवधिमा जग्गा सम्याउने र जग राख्ने कामबाहेक अरू देखिँदैन । कुनै स्थानीय तहमा शिलान्यास त परको कुरो जग्गा व्यवस्थापन समेत हुन नसकेको पाइन्छ । नगरपालिकाले १५ र गाउँपालिकाले १० शैय्याको अस्पताल शिलान्यास गरेका थिए।

भिमाद नगरपालिकामा शिलान्यास गरिएको अस्पताल पनि खाल्डोबाट माथि उठ्न सकेको छैन । भिमाद नगरपालिका–६ भिमाद बजारको भिमाद प्राथमिक स्वास्थ्य चौकी परिसरमा शिलान्यास गरिएको अस्पतालको काम भएको पाइँदैन । यहाँ पनि शिलान्यास गरेको खाल्डोमा घाँसपातले भरिदै छ । 'कोरोनाको कारणले काम हुन पाएन । केही दिनअघि निर्माण कम्पनी फिल्डमा आएको थियो । अब छिट्टै काम सुरू हुन्छ होला', जनस्वास्थ्य अधिकृत मुनिराज बरालले बताए । ११ करोड ५२ लाख नौ हजार नौ सय ६३ रूपैयाँमा ठेक्का लागेको अस्पतालको काम अगाडि बढेको छैन । पेश्की स्वरूप १० प्रतिशत रकम भुक्तानी गरिसकिएको छ ।

ऋषिङ गाउँपालिका–४ स्थित भिरकोट स्वास्थ्यचौकीमा शिलान्यास गरिएको अस्पतालको जग्गा सम्याउने काम भइरहेको

बाँकी आन्तिम पेजमा

# कांग्रेसमा रूपान्तरणको खाँचो छ : नेता पौडेल

भञ्ज्याङ समाचारदाता/दमौली

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले पार्टीमा अहिले रूपान्तरण आवश्यक रहेको बताएका छन् । 'पार्टीमा पुस्तान्तरणको बहस भइरहेको छ । तर, हुनुपर्ने रूपान्तरणको हो,' तनहुँको आँबुखैरेनी गाउँ कार्यसमितिको शुक्रबार आयोजित पदस्थापन कार्यक्रममा पौडेलले भने, 'अहिलेको पार्टी सञ्चालन कसरी भइरहेको छ, यो अवस्थामा रूपान्तरण चाहिएको हो कि पुस्तान्तरण ? पार्टी सही बाटोमा हिंडेको भए पुस्तान्तरणको बहस नै उठ्दैन थियो । त्यसैले यो बहसलाई ठीक बाटोमा हिंडाउन सक्नुपर्छ।'

उनले पार्टीको १४औं महाधिवेशनले यो भ्रमलाई चिर्नुपर्ने बताए। 'यदि पार्टीमा सबै संगठनहरु परिचालन हुन सकेको भए, समयमा महाधिवेशन गरेर नेतृत्व हस्तान्तरण गर्न सकेको भए, पार्टी विचारबाट सञ्चालन भएको भए, रूपान्तरणको आवश्यकता हुने थिएन,' पौडेलले भने, 'जब रूपान्तरण हुन्छ, तब पुस्तान्तरणको बहस नै आउँदैन । त्यसैले आजको आवश्यकता रूपान्तरण हो, युवा साथीहरु भ्रममा नबस्नुहोला ।'




बाँकी अन्तिम पेजमा




# एमालेको प्रथम विधान महाधिवेशन : पोलिटब्युरो र वैकल्पिक केन्द्रीय सदस्य हटाउने प्रस्ताव

रासस/काठमाडौं

नेकपा (एमाल)ले उपमहासचिव, पोलिटब्युरो र वैकल्पिक केन्द्रीय सदस्य हटाउने प्रस्ताव गरेको छ । ललितपुरको गोदावरीस्थित सनराइज सम्मेलन केन्द्रमा शुक्रबारदेखि सुरू भएको प्रथम विधान महाधिवेशनमा उक्त प्रस्ताव गरिएको हो। महाधिवेशनमा पेश गरिएको विधानमा दुई उपमहासचिवको व्यवस्थालाई हटाउँदै एक सचिव थप गर्ने प्रस्ताव गरिएको छ। यसअघि पार्टीको नवौं महाधिवेशनमा दुई उपमहासचिवको व्यवस्था गरिएको छ । विधान संशोधन प्रस्तावमा एक अध्यक्ष, पाँच उपाध्यक्ष, एक महासचिव र ६ सचिवको व्यवस्था गरिएको छ । यसअघि केन्द्रीय कमिटी बैठकमा तीन वा सात उपाध्यक्ष हुनेबारेमा छलफल भएको थियो । तर उपाध्यक्ष भने पहिल्यै पाँच जना राख्ने व्यवस्था गरिएको छ । यस्तै केन्द्रीय कमिटी २२५ जनाको रहने आज पेश गरिएको संशोधन विधानमा उल्लेख छ ।




वैकल्पिक केन्द्रीय सदस्य पनि संशोधित विधानमा हटाइको छ । यसअघि वैकल्पिक केन्द्रीय सदस्य रहने व्यवस्था गरिएको थियो । यस्तै प्रदेश कमिटीका अध्यक्ष केन्द्रीय कमिटीको पदेन

बाँकी अन्तिम पेजमा

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.
दमौली, तनहुँ । फोन : ०६५-५६०९०७, ९८५६०६०३७६
www.bhanjyangnews.com
Email : bhanjyangdml@gmail.com

वि.सं. २०३९ देखि निरन्तर प्रकाशित
भञ्ज्याङ राष्ट्रिय दैनिक
तपाई जहाँ भएपनि अब हामी तपाईंकै साथ र हातमा
ANDROID APP ON Google play
Bhanjyangnews
Bhanjyang Daily
@bhanjyangdaily
News/Media Website
Follow
भञ्ज्याङ दैनिक
@bhanjyangdaily
www.bhanjyangnews.com
YouTube Bhanjyang Daily
Contact : 065-560907
E-mail : bhanjyangdml@gmail.com

# समावेशी पर्यटन : किन र कसरी ?

ताराप्रसाद ज्ञवाली

विश्वलगायत हामीले असोज ११ गते सदाजस्तै विश्व पर्यटन दिवस मनायौँ । पर्यटन विभाग, पर्यटन बोर्ड पोखरा शाखा र गण्डकी प्रदेश सरकारको आयोजनामा विभिन्न देशका राजदूत, नेपालस्थित विदेशी नियोगका प्रतिनिधि, कन्सुलेट्सहरूलाई पोखराको सेरोफेरोमा भ्रमण अवलोकन गराएर सराहनीय काम भएको छ। यसका लागि प्रदेश सकार, पर्यटन बोर्ड पोखरा धन्यवादका हकदार छन्। विश्व पर्यटन संगठनले सन् २०२१ का लागि पर्यटन दिवसको नारा 'समावेशी सम्बृद्धिका लागि पर्यटन' तय गरेको थियो। गत वर्षको नारा भने ग्रामीण विकासका लागि पर्यटन रहेको थियो । संयुक्त राष्ट्रसंघ अन्तर्गतको विश्व पर्यटन संगठनले दिएको सन्देशमा भनिएको छ कि 'पर्यटनले सिर्जना गर्ने सामाजिक, आर्थिक अवसर तथा लाभहरू सबैका लागि उपलब्ध हुनु आवश्यक छ ।' यी अर्न्तराष्ट्रिय स्तरका नाराले समावेशी तथा ग्रामीण जिविकोपार्जनमुखी पर्यटन व्यवसायलाई जोड दिएका छन् ।

### के हो समावेशी पर्यटन ?

यसबारेमा चर्चा गर्दै अन्तर्राष्ट्रियस्तरको जर्नल टुरिजम जोग्राफीको २०१८ मा रोविन विडुल्फ तथा रोविन सिवेन्सद्वारा प्रकाशित लेख 'समावेशी पर्यटनको परिचय' मा भनिएको छ 'समावेशी पर्यटन यस्तो पर्यटन व्यवसाय हो, जसको उत्पादन र उपभोगमा तथा यसबाट सिर्जित लाभ तथा अवसरहरूको बाँडफाँटमा समाजका सीमान्तीकृत वर्गहरूको संलग्नता निश्चित रहन्छ । यो लेखमा समावेशी पर्यटनले एउटा व्यवसायिक तथा आर्थिक पाटोलाई मात्रै नहेरी समाजका विपन्न वर्ग, सीमान्तीकृत वर्गहरूको पनि यो व्यवसायको प्रक्रियामा आवश्यक उत्पादन, उपभोग यसवाट आर्जित लाभ तथा सिर्जित अवसरहरूमा समान पहुँचको परिकल्पना गरेको छ । समतामूलक संलग्नता र पहुँचलाई जोड दिएको छ ।

### हाम्रो पर्यटनम्वन्धी अभ्यास

अहिलेसम्मको पर्यटनसम्बन्धी अभ्यास हेर्दा र पर्यटन व्यवसाय, हालसालै खोलिएका विभिन्न स्तरीय होटल, रिर्सोट, तथा नेपाल आउने पर्यटकहरूको घुइँचोको प्रकृति हेर्दा नेपालमा आउने अधिकांश पर्यटकहरू दुई किसिमका छन् । पहिलो हो– प्रकृति पर्यटन। यसमा अधिकांश पर्यटकहरू नेपालका हिमाल, ताल तलैया, नदि, लेक, वनजंगल, निकुन्ज, आरक्षण, वन्यजन्तु, पारिस्थतिकीय प्रणाली, जडिबुटी आदि । यसका साथै प्रकृति पर्यटनसँग सम्वन्धित साहसिक खेलहरू, र्याफटिङ्ग, बन्जी, माउन्टेन साइकलिङ, पौडी, ट्रेकिङ्ग, हिमाल आरोहण, जंगल सफारी, वैधानिक हन्टिङ्ग, जंगल वाक, हिमाल अवलोकन, र यस सम्वन्धी अध्ययन अनुसन्धान आदि पर्छन् । दोश्रो हो– धार्मिक तथा सांस्कृतिक पर्यटन । यसमा विशेष समय, सिजन, चाडपर्व, पवित्र धार्मिकस्थल, धर्म, जातजाति, जनजाति सम्वन्धित पर्व, संस्कृति, प्रचलन तथा यस सम्वन्धित पवित्र स्थलहरू लुम्बिनी, पशुपतिनाथ, मुक्तिनाथ, हलेसी महादेव, स्वर्गद्वारी, मनकामना, बढिमालिका, पाथिभरा, गोसाइकुण्ड, त्रिपुरासुन्दरी लगायत मानसरोवरका लागि आउने धार्मिक पर्यटकहरू पर्दछन् । यसमा पनि लुम्बिनी तथा मानसरोवर जान आउनेबाहेक अन्य धार्मिक पर्यटकहरू खास सिजन, पर्व, मेलाका लागि आउने भएकाले यिनीहरूबाट न खासै विदेशी मुद्रा आर्जन भएको छ, न त राष्ट्रिय अर्थतन्त्रलाई टेवा पुगेको छ । जति आर्जन हुन्छ, त्यति नै उनीहरूले उब्जाउने फोहोर व्यवस्थापन गर्दा ठिक्क हुन्छ ।

यस्ता विदेशी तथा आन्तरिक मौसमी पर्यकटहरूबाट स्थानीय स्तरमा रहेका साना, मझौला पर्यटन तथा होटल व्यवसायीहरूले लाभ लिन सकिरहेका छन् । तर, यस्तो लाभ भनेको अल्पकालीन तथा सिजनका रूपमा मात्रै र पर्यटन उद्यमका रूपमा भन्दा पनि निर्वाहमुखी जीविकोपार्जनका रूपमा व्यवसाय चलिरहेको देखिन्छ । यी दुबै किसिमका पर्यटनमा आवद्ध व्यवसायीहरू बीचको समन्वय, तालमेल तथा अर्न्तनिर्भरता तथा व्यवसायिक अन्तरसम्बन्ध बन्न सकेको देखिँदैन । उदाहरणका लागि, सौराहामा आउने पर्यटकहरूलाई एकदिन वा रातका लागि भए पनि अमलटारी वा माडीको होमस्टेमा बसाउन सकिएको छैन । त्यहाँको ग्रामीण जीवन, संस्कृति, जैविक विविधता, सांस्कृतिक विविधताको अवलोकन गराउन सकिएको छैन । यसो गर्न न त सौराहाका पर्यटक व्यवसायी चाहन्छन्, न त कुनै नीतिगत व्यवस्था नै सरोकारवाला निकायले गरेको छ । पर्यटक आफैंले चासो राखेर खोज्दै गएमा वा कुनै गैरसरकारी संस्थाले प्रवर्द्धन गरिदिए मात्रै जाने गर्नाले सोचेजस्तो व्यवसायिक रूपमा प्रवर्द्धन हुन सकिरहेको छैन र यसबाट ग्रामीण पर्यटन तथा पर्या पर्यटनलाई सहयोग पुगेको छैन । सोझो अर्थमा भन्दा सौराहाको विस्तृत पर्यटनको सीमाभित्र यही निकुञ्जको वरिपरि रहेका ग्रामीण तथा स्थानीय व्यवसायको सरोकार समावेश हुन सकेको छैन । अर्थात् यो वृहत लाभ लिनबाट अमलटारी तथा माडीका पर्यटन व्यवसायी वञ्चित भएका छन्।

सौराहा आउने पर्यटकको प्याकेजमा ग्रामीण पर्यापर्यटन समावेश हुन सकेको छैन । यसका लागि न त यी दुवै व्यवसायिक क्षेत्रबीच सहज आवतजावत गर्न सक्ने पर्यटनको पूर्वाधार नै छ, न त व्यवसायिक सञ्चार छ, न नीतिगत प्रोत्साहन नै । होमस्टे वा पर्या पर्यटन भनेर फलाक्दैमा कुनै पर्यटक आउँदैन । सचेत पर्यटकले आफ्नो पैसाको पुरै लाभ लिन चाहन्छ । तर, अस्वस्थ व्यवसाय, होडबाजी, आपसमा सिन्डिकेट र उचित सुरक्षा, पहुँचका लागि सहज पूर्वाधारजस्ता कुराले वाधा पुर्याइरहेको छ । हालैको राजदूतहरूको पोखरा भ्रमणले भने पक्कै शहरी तथा ग्रामीण पर्यटनका वीच सम्वन्ध स्थापित गर्न सहयोग पुर्याउनेछ। यस्तो पहल अरू बढी आवश्यक देखिएको छ समावेशी पर्यटन प्रवर्द्धनका लागि ।

**नेपाल आएर औसत १३ दिनको बसाइमा त्यो पर्यटकलाई १ वा २ दिनकै लागि भए पनि ग्रामीण पर्यटनमा रमाउने मौका दिइएका छन् त? के अहिलेका ग्रामीण पर्यटन खासगरी होमस्टेले त्यस्ता पर्यटकलाई आकर्षण गर्न कुनै गुणस्तरीय सेवा दिन सकेका छन् ? वा दिन सक्ने क्षमता छ त ? यी सवै कुराले पनि विद्यमान पर्यटन व्यवसाय समावेशी, जिविकोपार्जन मुखी तथा संरक्षणप्रति उत्तरदायी हुन सकेको छ कि छैन भन्ने बताउँछ ।**

### समावेशी पर्यटनका निम्ति नीतिगत तथा वैधानिक संरचना के छ ?

नेपाल सरकारद्वारा २०६५ मा जारी गरिएको पर्यटन विकास नीति अन्तर्गतको बुदा नं ८ (ख) मा भनिएको छ : 'ग्रामीण पर्यटनलाई पर्यटन व्यवसायको उपक्षेत्रका रूपमा अघि बढाइने छ । मुलुकको विकास प्रक्रियामा समेट्न नसकिएका महिला, मधेसी, आदिवासी जनजाति लगायतका विपन्न समूह समेतमा पर्यटन व्यवसायबाट प्राप्त लाभको बाँडफाँट गर्न समावेशी र सहकारीको माध्यमबाट उपयुक्त संरचनाको निर्माण र विकास गरिनेछ ।' उक्त नीतिलाई कार्यान्वयन गर्न २० वटा कार्यनीतिहरू निर्धारण गरिएका छन् र ती कार्यनीतिहरूले माथि उल्लेख गरिए जस्तै जीविकोपार्जनमा सुधार ल्याउने, गरीबी निवारण गर्ने, स्थानीय रोजगारीको सिर्जना गर्ने, पर्यटनको लाभ स्थानीय रूपमा पुर्याउने, स्थानीय विपन्न, सीमान्तीकृत, महिला, आदिवासी तथा अवसरबाट वञ्चित समुदायमा पुर्याउने, उनीहरूको परम्परा, संस्कृति, रहनसहन, ज्ञान, सिप, प्रचलनलाई ग्रामीण पर्यटन प्रवर्द्धनमा समावेश गर्ने, स्थानीय उपजहरूलाई प्रवर्द्धन गर्ने, पूर्वाधारका संरचनाहरू निर्माण गर्ने, ती वर्गको ग्रामीण पर्यटन व्यवसायमा पहुँच बढाउने, लाभ तथा अवसरको बाँडफाँटमा सहभागी गराउने, समन्वय समिति, समूह आदिमा उनीहरूको प्रतिनिधित्व गराउने आदि कुराहरू संलग्न गरिएका छन्। यसैगरी पर्यटन नीति अन्तर्गतको कार्यनीतिबारे बुँदा नं (ख) (३) मा भनिएको छ 'राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तुतर्फ आकर्षित पर्यटकलाई पर्यापर्यटन, ग्रामीण पर्यटनसँग आवद्ध गराउनका लागि आवश्यक प्याकेज बनाउन पर्यटन व्यवसायीलाई प्रोत्साहन दिइने छ' । यी कुराबाट पनि स्पष्ट छ कि नेपालको राष्ट्रिय नीतिले समावेशी, संरक्षणमुखी तथा जिविकोपार्जनमुखी पर्यटनलाई प्रवर्द्धन गर्न र पर्यटन प्याकेजमा समेत समावेश गर्न प्रोत्साहन गरिएको छ । यसैगरी, नेपाल सरकारद्वारा २०६७ साउन ३ गते जारी गरिएको होम स्टे सञ्चालन कार्यविधि २०६७ मा भनिएको छ :

'ग्रामीण क्षेत्रका स्थानीय जनसमुदायमा स्वरोजगारका अवसर सिर्जना हुने तथा आम्दानी वृद्धिको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउने प्रकृतिका ग्रामीण पर्यटन पूर्वाधारको दिगो विकास गर्ने ग्रामीण पर्यटनको माध्यमबाट विपन्न, महिला, मधेशी, आदिवासी जनजाति र हालसम्म समेट्न नसकिएका समूहको समेत संलग्नता रहने गरी पर्यटन व्यवसायबाट प्राप्त हुने लाभलाई समुदायको पहुँचभित्र ल्याउने संरचनाको निर्माण र विकास गर्ने पर्यटन नीति २०६५ अनुसार नेपालका ग्रामिण भेगमा तथा शहरीसमेत होमस्टेको माध्यमबाट पर्यटनको विकास, प्रबर्द्धन, व्यवस्थापन र नियमन गर्न ‗होमस्टे सञ्चालन कार्यविधि, २०६७ बनाई जारी गरेको छ ।'

माथि उल्लेखित परिभाषा तथा नेपाल सरकारका नीति निर्देशिकाले पनि पर्यटन व्यवसायलाई मात्र व्यवसायका रूपमा नलिई समावेशी, जिविकोपार्जन तथा संरक्षणमुखी बनाउन जोड दिन्छ । यसमा विभिन्न क्रियाकलाप, विपन्न, सीमान्तीकृत वर्ग, समूहहरूको यसमा संलग्नता, पहुँच तथा लाभको बाँडफाँट र पर्यटनको विस्तार आदि पर्दछन् । पर्यटनलाई निकुन्ज आसपास तथा केही शहरमा मात्रै केन्द्रित नगरी ग्रामीण समुदायसम्म विस्तार गरिनुपर्नेमा यसले जोड दिन्छ । साथै, त्यहाँको सिप, संस्कृति, जैविक विविधता, प्रचलन, ज्ञान, सिप, उत्पादन आदिलाई पनि पर्यटनको दायरामा समेटी लाभ र अवसरमा पहुँच बढाउने कुरामा यसले जोड दिएको छ ।

### समावेशी तथा संरक्षणमुखी पर्यटनको उत्कृष्ट अभ्यास

समावेशीमुखी र संरक्षणमुखी पर्यटनको कुरा गर्दा, राष्ट्रिय स्तरका पर्यटन व्यवसायमा भन्दा सामुदायिक स्तरका पर्यटन व्यवसाय बढी प्रकृति र संरक्षणमुखी एवं दिगो तथा समावेशीमुखी भएको प्रमाण भेटिन्छ । यस सम्वन्धमा चर्चा गर्दा टाढा जानुपर्दैन । नजिकै चितवनको सौराहाबाट दुई घण्टाको दुरीमा रहेका नवलपरासीको अमलटारीस्थित थारू र बोटे समुदायद्वारा सञ्चालित होम स्टेसहितको ग्रामीण पर्यापर्यटन र चितवनको माडीस्थित अयोध्यापुरीमा पुन मगर समुदायद्वारा सञ्चालित होम स्टेसहितको ग्रामीण पर्यापर्यटन लाई लिन सकिन्छ । यी दुवै सामुदायिक स्तरीय पर्यटन व्यवसायले केवल जनजातीय संस्कृतिलाई संरक्षण र सम्वर्द्धन गरिरहेका छैनन्, स्थानीय स्तरका उपजहरूको उपभोग, युवाको परिचालन तथा वन तथा अन्य प्राकृतिक श्रोतको संरक्षण तथा सम्वर्द्धन पनि गरिरहेका छन् । यी त प्रतिनिधि नमुना मात्र हुन् । यसैगरी नेपालभरी छरिएर हजारौंको संख्यामा रहेका सामुदायिक तथा ग्रामीण स्तरीय पर्यटन व्यवसायी समूहहरू छन् । उनीहरूले वृहत पर्यटन व्यवसाय एवं राजनीतिक नेतृत्व तथा राष्ट्रिय नीतिबाट सोचेजति लाभ लिन नसकिरहेको भए पनि स्थानीय स्तरमा अवश्य पनि अवसर जुटाउन, विभिन्न सम्वन्धित सेवा प्रदायकहरूलाई ग्रामीण पर्यटन व्यवसायमा समावेश गरी जिविकोपार्जन तथा संरक्षणमुखी बनाउन सहयोग पुर्याइरहेका छन् ।

सामुदायिक स्तरमा पर्यटन व्यवसायलाई कसरी समावेशीमुखी तथा संरक्षणमुखी बनाउन सकिन्छ भन्ने कुराको अनुभव सुनाउँदै अमलटारी होम स्टे तथा सामुदायिक पर्यटन समितिलाई लामो समय नेतृत्व गरेका कावासोती नगरपालिकाका उपप्रमुख प्रेमशंकर मर्दनिया भन्छन्– अहिलेको कोभिडको विषम परिस्थिति भन्दा अगाडिको कुरा गर्ने हो भने अमलटारीस्थित होमस्टेसहितको सामुदायिक पर्यटन समितिले मात्रै वार्षिक १ करोड ६० लाखसम्म आम्दानी गरेको थियो । जसमा ३१ वटा होमस्टेको सेवासहित उनीहरूले सञ्चालन गरेका जंगल सफारी, सौगात पसल, सामुदायिक सेवामुखी पसल, टुरिष्ट गाइड, डुंगा तथा वोटिङ्ग, जंगल वाक, थारू तथा बोटे सांस्कृतिक प्रदर्शन जस्ता सेवाहरू पनि समावेश छन् ।'

यो आम्दानीलाई ३१ वटा संलग्न घरहरूमा विभाजित गर्दा पनि प्रति घर झण्डै पाँच लाख १६ हजार शुद्ध बार्षिक आम्दानी देखिने मर्दनिया बताउँछन् । यो आम्दानी ती ३१ घर तथा त्यससँग आवद्ध विभिन्न समुह, उपसमुहले सामुहिक प्रयासमा आर्जन गरेको मर्दनियाको भनाइ छ । यो एकल समुदायको प्रयासबाट थालनी गरिएको भए पनि, यसमा अरू कुराहरू पनि उत्तिकै महत्वपुर्ण भएको ठान्छन् उनी । जसमा, सक्षम नेतृत्व, स्थानीय पहल, साँस्कृतिक रूपमा सम्पन्न सामाजिक रूपमा संगठित तथा जागरूक समाज, वरिपरि बसोवास गर्ने अन्य समुदायलाई पनि आवद्ध गरी उनीहरूको उपज खरिद गर्ने, स्थानीय सरसफाइमा संलग्न गराउने, स्थानीय स्तरमा पर्यटन पूर्वाधार निर्माणमा संलग्न गराउने र मध्यवर्ती सामुदायिक वन तथा राष्ट्रिय निकुञ्जसँग समन्वय गर्ने आदि गतिविधिहरू पनि छन् ।

उदाहरण दिँदै उनी अगाडि भन्छन् 'अमलटारीस्थित अति विपन्न, समाजिक रूपमा वञ्चित तथा सीमान्तीकृत जनजाति मुसहर माझीका ७७ घरपरिवारका लागि, सुरक्षित घर बनाउन अमलटारी सामुदायिक पर्यटन समितिको पहलमा कावासोती नगरपालिकाले प्रति घर २ लाखका दरले सहयोग गरेको छ भने, स्थानीय होमस्टे ले आफ्नो आम्दानीको केही भाग ती मुसहर, माझी समुदायको जीवनस्तर उकास्न मद्दत गरेको छ ।

त्यसैगरी उक्त समितिले आम्दानी गरेको कुल रकमको ५ प्रतिशत अर्थात ७ लाख ५० हजारसम्म संरक्षण कार्यका लागि खर्च गरेको छ । जस्तै, वन्यजन्तुका लागि चरन मैदान, वृक्षारोपण, चोरी सिकारी नियन्त्रणमा युवाहरूको परिचालन आदि । यहाँका पर्यटन समितिले सामुदायिक सभाहल, खानेपानी, बाटो, पर्यटन सूचना, स्कुल सुधार तथा फोहोर मैला व्यवस्थापनजस्ता कुराहरूमा स्थानीय समुदायलाई समावेश गर्न सकिएकाले नै अहिलेको यो अवस्थामा आइपुगेको हो । यहाँका सामुदायिक पर्यटन समितिले स्थानीय गुन्द्री ढाका सामुदायिक वनका उपभोक्ता समूहसँग मिलेर वृक्षारोपण गर्ने, वनमा गस्ती गर्ने घाइते जनावर तथा मध्यवर्ती क्षेत्रमा देखिने जनावरहरूको सुचना निकुन्जलाई दिने, फायरलाइन, सिमसार, पानीका घोलहरूको व्यवस्थापन गर्ने आदि काम गर्दै आएको छ। निकुन्ज तथा मध्यवर्ती सामुदायिक वनका पदाधिकारीसँग समन्वय र सहकार्य गरेर ग्रामीण पर्यटनलाई दिगो र संरक्षण मुखी बनाउन समितिले सहयोग गरिरहेको छ ।

### निष्कर्ष

२०२० मा प्रकाशित टुरिजम तथ्यांकमा चितवन राष्ट्रिय निकुञ्जमा मात्रै विगतका ६ वर्षमा (२०७१-७२ देखि २०७६-७७ सम्म) ७ लाख ५८ हजार ८७४ पर्यटक अर्थात औषतमा १ लाख २६ हजार ४७९ आएका थिए । वि.सं. २०७६-७७ मा मात्रै ९२ हजार ९९४ जना विदेशी पर्यटकले चितवनको सौराहा भ्रमण गरेको देखिन्छ । उनीहरूको औसत नेपाल बसाई २०१९ मा १२.७ दिन देखिन्छ। यदि यी चितवन आउने कुल पर्यटकको ५ प्रतिशत मात्रै पनि अमलटारी वा माडीमा ल्याउन सकियो भने करिव ४५०० विदेशी पर्यटक होमस्टेले पाउने छ । अब सवाल यो उठ्छ कि यी पर्यटकबाट हुने व्यवसायलाई के साँच्चै समावेशी तथा संरक्षणमुखी वनाउन सकिएको छ त ? के ती शहरमुखी, निकुन्जमुखी पर्यटकहरूलाई ग्रामीण पर्यटनमुखी बनाउन सकिएको छ ? के पर्यटकीय आर्कषणका लागि ग्रामिण तथा समुदायमा आवश्यक पूर्वाधारमा कुनै लगानी गरिएको छ त । के यस सम्वन्धमा कुनै नीतिगत व्यवस्था वा व्यवसायिक प्रोत्साहन गरिएको छ ?

नेपाल आएर औसत १३ दिनको बसाइमा त्यो पर्यटकलाई १ वा २ दिनकै लागि भए पनि ग्रामीण पर्यटनमा रमाउने मौका दिइएका छन् त? के अहिलेका ग्रामीण पर्यटन खासगरी होमस्टेले त्यस्ता पर्यटकलाई आकर्षण गर्न कुनै गुणस्तरीय सेवा दिन सकेका छन् ? वा दिन सक्ने क्षमता छ त ? यी सवै कुराले पनि विद्यमान पर्यटन व्यवसाय समावेशी, जिविकोपार्जन मुखी तथा संरक्षणप्रति उत्तरदायी हुन सकेको छ कि छैन भन्ने बताउँछ । धेरै खर्च गर्न सक्ने र लामो बस्न सक्ने स्तरीय पर्यटकहरू ठूला सहरमा सीमित हुने र ठूला व्यवसायीले मात्रै तान्ने हो भने ग्रामीण पर्यटन निर्वाहमुखी मात्रै बन्ने छ, दिगो र संरक्षणमुखी बन्ने छैन । यो अवस्था रहेमा राष्ट्रिय स्तरको पर्यटनबाट ग्रामीण स्तरीय पर्यटन व्यवसायले लाभ लिन सक्ने छैन । उनीहरूको सरोकार नीतिमा समावेश गरिए पनि व्यवहारमा सधैं वञ्चित रहने छन् यदि यस्तो भयो भने आर्थिक विषमता र प्राकृतिक सौन्दर्यताको संरक्षणप्रति स्थानीय व्यवसायी पनि उदासीन बन्ने छन् । रातोपाटीबाट

फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

### तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६ |
| दमौली अस्पताल, दमौली - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल - ५६१८११ | टिकट काउण्टर (माइक्रो), ५६०९०६ |
| एपोलो एम्बुलेन्स ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७ | नेकपा तनहुँ - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६ |
| व्यास नगर हस्पिटल : ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४० |

### तपाईंको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
धैर्य एवं लगनशीलताले अवसर दिलाउनेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
यात्रामा मालसामान हराउन सक्छ। शरीरमा स्फूर्ति र उमङ्गको कमी हुनेछ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
आर्थिक कारोबारमा सफलता पाइएला । महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
चलाखिपूर्ण बोलीले काम बन्न सक्छ । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
ठीक समयमा सही निर्णय लिन सकिनेछ । व्यापार व्यवसायमा सफलता मिल्नेछ ।

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
आज एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । वाहन र भूमिबाट लाभ पनि रहला

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
कलासाहित्य तथा सङ्गीतमा रूचि बढ्नेछ । घरमा अतिथिको आगमन हुनेछ ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
लगनशीलताको कमीले गर्दा ठूलो उपलब्धि हात पार्न नसकिएला । आज सहकर्मीबाट विरोध आउला।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
आज धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । घरमा अतिथिको आगमन हुनेछ ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
न्यायिक कार्यमा सफलता मिल्नेछ। व्यापारमा मनग्ये धनलाभ हुनसक्छ। रोकिएको धन हात पर्ला ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,द्रा)
नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ । धार्मिक क्षेत्रमा रूचि बढ्नेछ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला ।

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. १०, ०६३/६४
२०७८ असोज १६, शनिबार
October 02, 2021

# स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी भएन

**लमजुङ/रासस**

लमजुङमा स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी रूपमा आगाडि बढ्न सकेको छैन् । सरकारले विपन्न र गरिब समुदायका नागरिकका लागि गुणस्तरीय उपचार सेवामा पहुँच बढाउने उद्देश्यले सञ्चालन गरेको स्वास्थ्य बीमा कार्यक्रम कोभिड सङ्क्रमणको जोखिम, प्रसारप्रसारको अभाव र जिल्लावासीमा स्वास्थ्य बीमाबारे चासो नहुँदा लमजुङमा स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी रूपमा आगाडि बढ्न नसकेको हो । जिल्ला स्वास्थ्य बिमा कार्यक्रम लागू भएयता ८ हजार ९३० जनाले स्वास्थ्य बीमा गराएका छन् । तीमध्ये एक हजार ८५१ ज्येष्ठ नागरिक, १२७ महिला स्वास्थ्य स्वंयसेविका, ८१ अपाङ्गता भएका व्यक्ति र २३ जना एचआइभी संक्रमित व्यक्ति रहेको स्वास्थ्य बीमा कार्यक्रमका दर्ता अधिकारी अनुपमा रेग्मीले बताउनुभयो। जिल्लामा गत माघ महिनादेखि यो कार्यक्रम लागू भएको छ । यो कार्यक्रमबाट हालसम्म रू ५१ लाख ८६ हजार संकलन भएको उहाँले जानकारी दिनुभयो । कार्यक्रममा लागि जिल्लाका ७५ वटा वडामा एक/एकजना गरी ७५ जना दर्ता सहयोगी परिचालन गरिएको छ ।




स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत पाँच जनासम्मको परिवारले वार्षिक प्रतिपरिवार रू तीन हजार ५०० र पाँच जना भन्दाबढी परिवारका सदस्य भएमा प्रतिसदस्य ७०० का दरले शुल्क तिर्नुपर्ने हुन्छ । पाँच जनाको परिवारका लागि प्रतिपरिवार वार्षिक रू एक लाख सम्मको निःशुल्क स्वास्थ्य सेवा पाइन्छ भने पाँचभन्दा बढी भएमा प्रतिसदस्य २० हजारका दरले सेवा शुल्कमा थप हुँदै जाने व्यवस्था छ । स्वास्थ्य बीमा कार्यक्रममा एक हजार ११८ प्रकारका औषधि उपचार पाइने दर्ता अधिकारी रेग्मीको भनाइ छ । उहाँका अनुसार बीमा कार्यक्रममा आवद्ध सदस्यले सूचीकृत अस्पतालबाट मात्रै निःशुल्क उपचार सेवा पाउने व्यवस्था छ ।

जिल्लामा चार वटा स्वास्थ्य संस्थाबाट यो सेवा उपलब्ध छ । हालसम्म जिल्ला अस्पताल लमजुङबाट मात्र यो सेवा लिएको बताइएको छ । जिल्ला अस्पतालमा हालसम्म ८०६ जनाले बीमाबापतको उपचार सेवा लिएका छन् । यीमध्ये ५३४ महिला र २७२ पुरूषले यो सेवा लिएको जिल्ला अस्पताल लमजुङका प्रमुख हेमन्त श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार उनीहरूले यस अस्पतालबाट औषधिउपचारमा रू १० लाख बराबरको सेवा लिएका छन् । बीमा रकम तिर्न नसक्ने विपन्न वर्गका हकमा भने सरकारले नै बीमा रकमवापतको शुल्क तिरिदिने व्यवस्था गरेको छ । उक्त व्यवस्था अन्तर्गत सरकारले अतिविपन्न नागरिकलाई शतप्रतिशत, विपन्नलाई ७५ प्रतिशत तथा गरीबीको रेखामुनि रहेका नागरिकलाई ५० प्रतिशतका दरले बीमा रकमबापतको शुल्क तिरिदिने व्यवस्था छ । यहाँका ज्येष्ठ नागरिक, पूर्ण रूपमा अपाङ्गता भएका एवं रातो कार्ड भएका र एचआइभी सङ्क्रमितलाई निःशुल्क स्वास्थ्य बीमा गरिएको दर्ता अधिकारी रेग्मीको भनाइ छ । त्यस्तै, महिला स्वयमसेविकालाई भने ५० प्रतिशत छुट दिएको उहाँको भनाइ छ।

# कांग्रेसमा रूपान्तरण .......

नेता पौडेलले पार्टीभित्र दोहोरो पद नओगट्ने बहस बार–बार भए पनि त्यसको कार्यान्वयन कमजोरका लागि मात्रै भएको बताए । उनले कांग्रेसलाई लोकतन्त्रको मूलमार्गमा हिंडाउन विचारले पार्टी र राज्य सञ्चालन हुनुपर्ने बताए । 'हाम्रो पार्टीमा रामशरण महतले दोहोरो पदको कुरा उठाएपछि राजीनामा दिनुपर्‍यो । तर, शेरबहादुर देउवाले राजीनामा गर्नुपरेन,' पौडेलले भने, 'यहाँ बलियालाई कानुन नियम लाग्दैन । निर्धालाई मात्र कानुन लाग्ने हो ।'

उनले पार्टी उमेरले नभई विचारले सञ्चालन हुनेसमेत दाबी गरे । 'पार्टी उमेरले होइन, विचारले सञ्चालन हुन्छ । विचारले लोकतन्त्र र राज्य संयन्त्र सञ्चालन भएन भने त्यहाँ लोकतन्त्रको अस्तित्व सम्भव छैन,' पौडेलले भने, 'बीपीले निर्वाचित जनप्रतिनिधिले शासन गर्छन् भन्ने विचार दिनुभयो । यो विचार बुढो भएको छैन । आजसम्म यसकै पक्षमा दुनियाँ रहेको छ ।'

उनले अहिले राज्य सञ्चालनको तौरतरिका ठीक नभएको भन्दै अन्तुष्टि जनाए । 'मलाई चित्त बुझेको छैन, अहिलेको राज्य सञ्चालनको तौरतरिका । विचारबाट राज्य संचालन भइरहेकै छैन,' पौडेलले भने, 'बीपीले पनि त्यही सरकार चलाउनुभएको हो । त्यसपछिका पनि थुप्रै सरकारहरू बने र चले तर, किन बीपीको जस्तो हुन सकेनन् ? किन भने विचारबाट सरकार सञ्चालन हुन सकेनन् ।'

नेता पौडेलले अहिले प्रतिपक्षीको व्यवहारले लोकतन्त्रमा खतरा देखिएको बताए। 'लोकतन्त्रमा जति विपक्षी दलहरू जिम्मेवार हुन्छन्, त्यति नै लोकतन्त्र बलियो हुन्छ,' पौडेलले भने, 'हाम्रोमा प्रतिपक्ष जिम्मेवार छैन । सदन प्रतिपक्षको हो । तर, त्यो सदनलाई प्रतिपक्षले नै अवरूद्ध पारेर बन्धक बनाएर राखेको छ । संसद् बाहुबलीको बन्धक बन्ने अनि कसरी लोकतन्त्र समृद्ध हुन्छ ?'

कार्यक्रममा कांग्रेसका जिल्ला सभापति वैकुण्ठ न्यौपाने, सचिव विश्व बास्तोला, नेता रामचन्द्र पोखरेल लगायतले आ–आफ्नो धारणा राखेका थिए । सो अवसरमा आँबुखैरेनी गाउँ कार्यसमितिका नवनिर्वाचित सभापति विष्णु पन्त लगायत पदाधिकारी एवं सदस्यलाई पदस्थापन गराइएको थियो ।

# तनहुँका पालिकाहरूमा तामझामका .........

प्रमुख प्रशासकीय अधिकृत चण्डिका पोखरेलले बताउनु भयो। पोखरेलका अनुसार ओम बुद्ध हरितारा जेभिले अस्पताल निर्माणको ठेक्का लिएको हो । सात करोड ७७ लाख रूपैयाँमा ठेक्का लगाइएकोमा ८० लाख रूपैयाँ भुक्तानी गरिएको पोखरेलले जानकारी दिए। देवघाट गाउँपालिका–५ घिनाटारमा बन्ने अस्पतालको काम जग्गा सम्याएर सकिएको छ । गाउँपालिकाका सिनियर अहेब प्रदीपकुमार बुढाथोकीले दिएको जानकारी अनुसार अस्पतालको जग राख्ने काम सुरू भएको छ। सात करोड ६५ लाख रूपैयाँमा अस्पताल निर्माणको ठेक्का लागेको हो ।

म्याग्दे गाउँपालिका–४ थर्पुमा बन्ने अस्पतालको पनि जगसमेत उठेको छैन । यहाँ पनि अस्पताल शिलान्यासकै खाल्डोमा सीमित छ। यतिबेला कामदार निर्माणस्थलमा आएर काम सुरू गरेको गाउँपालिकाका इञ्जिनियर शिवप्रसाद ढुंगानाले बताए ।

शिलान्यास नै ढिला भएको भानु नगरपालिकामा बन्ने १५ शैय्याको अस्पतालमको भने काम सुरू भएको छ । सुरूमा भानुमा कसले शिलान्यास गर्ने विवाद सिर्जना हुँदा १५ मंसिरमा शिलान्यास हुन सकेको थिएन । झण्डै साढे दुई महिनापछि भानु–५ पुरनडिहीमा बन्ने नगर अस्पतालको गण्डकी प्रदेशका तत्कालीन मुख्यमन्त्री पृथ्वीसुब्बा गुरूङले २६ माघमा शिलान्यास गरेका थिए । ठेक्का सम्झौता भएर काम सुरू भएको नगरपालिकाका सूचना अधिकारी सुनिल पाण्डेले बताए । अस्पताल बन्ने ठाउँको जग्गा सम्याउने काम भइरहेको उनको भनाई छ ।

'हाम्रोमा शिलन्यास नै ढिला भएको हो । ठेक्का सम्झौताको प्रक्रिया नै लामो भएकाले काममा ढिलाइ भएको छ', उनको दाबी छ । घिरिङ गाउँपालिकामा अझै जग्गाको व्यवस्थापन हुन सकेको छैन । घिरिङ–३ सुन्धारामा बन्ने १० शैय्याको अस्पताललाई आवश्यक नौ रोपनी जग्गा प्राप्तीको प्रक्रियामा रहेको स्वास्थ्य शाखा प्रमुख कृष्णप्रसाद रिमालले बताए।

आँबुखैरेनी गाउँपालिकामा जग्गा अभाव अस्पताल निर्माणमा तड्कारो बनेको छ। स्वास्थ्य शाखा प्रमुख अगमराज उपाध्याय भन्नुहुन्छ, 'ऐलानी जग्गामा अस्पताल बनाउनलाई स्वास्थ्य मन्त्रालय प्रस्ताव पठाएको स्वीकृत भएन् । दर्तावाला जग्गा खोज्यो । अहिले जग्गा दर्ताको प्रक्रियामा छौं ।'

बन्दीपुरमा पालिकास्तरीय अस्पताल बनाउन संघीय सरकारबाट बजेट नपरेको गाउँपालिका अध्यक्ष पूर्णसिंह थापाले बताउनु भयो । उहाँका अनुसार गाउँपालिकाले आफ्नै पहलमा बन्दीपुर अस्पताललाई ५० शैय्याको बनाउन लागेको छ। व्यासलाई पनि गत वर्ष संघीय सरकार अन्तर्गतको स्वास्थ्य मन्त्रालयले अस्पताल निर्माणका लागि बजेट नपठाएको नगरपालिकाले जनाएको छ ।






**सविन के.सी**
twitter.com/kcsabin2014
काल्पनिक संसार जतिसुकै राम्रो किन नहोस, यथार्थमा जिउन जान्नुपर्छ ! जीवनका केही पल जतिसुकै पिडादायक किन नहोस यथार्थलाई स्विकार गरि पाईला अघि चाल्नुपर्छ ! रंगिन जिवनका फिक्का पलहरूको हिसब गर्न थालियो भने अबरोधले ढोका बन्द गर्न सक्छ !



**सबी**
twitter.com/Bhandar17Sabita
जब परिस्थितिले अनेक मोड लिदै जान्छ नि आदत नै बसेको कुरासँग पनि टाढा हुन सक्नुपर्छ । चाइने भन्दा धेरै महत्त्व दिएको कुनै पनि चिज आफुबाट जरूर टाढा हुन्छन, रहन्छ त सिर्फ एक झल्को याद।



**काव्या**
twitter.com/caabya
हरेक चम्कने बस्तुहरू हिरा हुँदैनन् भने झैं, चौबाटोमा भेटिएका हरेक बटुवाहरू पनि हाम्रा जीवनयात्राका सहयात्री बन्न सक्दैनन् । दिमाग र दिलको साईनो एक अर्काका पुरक पनि होइनन् ।



**परदेशी गणेश**
twitter.com/saugat2075
परिस्थितिले मलाई जित्ने वा परिस्थितिलाई मैले जित्ने भन्ने कुरा गुणमा भरपर्छ । उम्लिरहेको पानीमा अन्डा राख्दा बदि्लएर साह्रो हुन्छ,आलु राख्दा बदि्लएर नरम हुन्छ । तर चिनी राख्दा पानीलाई नै बदिलएर चासनी बनाईदिन्छ परिस्थिति अनरूप आफुलाई बदल्छन त कोही परिस्थितिलाई नै बदलिदिन्छन ।

# एमालेको प्रथम विधान .........

सदस्य रहने प्रस्ताव गरिएको छ। निर्वाचितको १० प्रतिशत मात्र केन्द्रीय सदस्यमा मनोनित गर्ने पाउने व्यवस्था संशोधित विधानमा राखिएको छ । यस्तै अन्य पार्टीबाट एमालेमा समाहित हुनेलाई १० प्रतिशतसम्म केन्द्रीय कमिटीमा मनोनयन गर्ने व्यवस्था गरिएको छ । पार्टीले ४१ सदस्यीय स्थायी कमिटीको व्यवस्था गर्दै पोलिटब्युरो कमिटी हटाउने प्रस्ताव गरेको छ। पार्टी अध्यक्षको नेतृत्वमा सचिवालय र महासचिवको नेतृत्वमा केन्द्रीय कार्यालय रहने प्रस्ताव विधानमा गरिएको छ । यसैगरी अनुशासन आयोग, निर्वाचन आयोग र लेखा परीक्षण आयोगमा एक अध्यक्ष, एक उपाध्यक्ष, एक सचिव र १२ सदस्य रहने व्यवस्था गरिएको छ।

आयोगका अध्यक्ष, उपाध्यक्ष, सचिव र सदस्यको मर्यादा केन्द्रीय सदस्य सरह हुने उल्लेख विधानमा छ । यही असोज १७ गतेसम्म सञ्चालन हुने विधान महाधिवेशनले विधान संशोधन प्रस्ताव, राजनीतिक प्रतिवेदन र साङ्गठनिक प्रतिवेदन पारित गर्नेछ। महाधिवेशनमा देशभरबाट झण्डै ६ हजार प्रतिनिधि सहभागी छन्।

www.bhanjyangnews.com

## सुविधा सम्पन्न घर भाडामा

**के तपाई व्यवसाय तथा कार्यालय सञ्चालनका लागि सुविधासम्पन्न घरको खोजीमा हुनुहुन्छ ? अब हामीलाई सम्झनुहोस् ।**

Medical, Tution center, Departmental store, Nursing home, Hospital, Mini-market, बैंक तथा वित्तीय संघसंस्थाका शाखा तथा अन्य कुनै पनि संघ संस्थाको कार्यालय सञ्चालन गर्न उपयुक्त आधुनिक सुविधासम्पन्न घर भाडामा रहेको हुँदा तुरून्त सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क :
**बलराम अधिकारी**
व्यास नगरपालिका–१, भादगाउँ, अडमटोल, दमौलीचोक, तनहुँ ।
फोन नं. : ९८१५११९१११, ९८४६२४३६४२

**स्वास्थ्य नै ठूलो धन हो ।**
**कोभिड-१९ को संक्रमणबाट आफू बचौं र अरूलाई पनि बचाऔं,**
**जनस्वास्थ्य सुरक्षाका मापदण्ड तथा प्रोटोकलहरू अनिवार्य रूपमा पालना गरौं ।**

- अत्यावश्यक काम बाहेक अन्तर्राष्ट्रिय सीमा, सीमावर्ती क्षेत्र, अन्तरजिल्ला र जिल्ला भित्रका कोभिड-१९ संक्रमणको उच्च जोखिम भएको क्षेत्रमा आवात जावत नगरौं ।
- अत्यावश्यकीय कामका लागि त्यस्ता क्षेत्रहरूमा आवतजावत गर्दा अनिवार्य रूपमा मास्क लगाऔं।
- अनावश्यक भिडभाड नगरी, भौतिक दूरी कायम गरौं ।
- सरकारले गरेको अनुरोध पालना नगर्नेलाई प्रचलित कानून बमोजिम तत्काल कारवाही गर्न सक्ने भएकाले सबैले सरकारको अनुरोधको पालना गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६०९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४